बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

## सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनर्स्थापना तथा व्यवस्थापनका लागि संस्था छनोट आवेदन पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८३।०३।१६)

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सडक आश्रित मानव पहिचान, उद्धार, संरक्षण, व्यवस्थापन एवम् सडकमुक्त प्रदेश घोषणा कार्यक्रमलाई कार्यान्वयन गर्नको लागि प्रदेश सरकारबाट स्वीकृत भएको सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनर्स्थापना तथा व्यवस्थापन कार्यविधि, २०८३ को दफा १० बमोजिमको सेवा सञ्चालन गर्न इच्छुक प्रचलित कानुन बमोजिम दर्ता भई सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, संरक्षण र व्यवस्थापनको क्षेत्रमा कार्य गरिरहेका संस्थाहरूले यो सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र तपसिल बमोजिमका कागजातहरू सहित भौतिक रूपमा सामाजिक विकास मन्त्रालय हेटौंडामा वा मन्त्रालयको email: mosd@bagamati.gov.np मार्फत आवेदन दिनुहुन अनुरोध छ। प्राप्त हुन आएका संस्थाहरू मध्ये सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनर्स्थापना तथा व्यवस्थापन कार्यविधि, २०८३ को दफा १५ बमोजिम संस्था छनोट र उक्त संस्थासँग सम्झौता गरी कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गरिने भएकोले सम्बन्धित सबैको लागि यो सुचना प्रकाशन गरिएको छ।

| क्र. स. | क्रियाकलाप | संस्थाले कागजात पेश गर्ने आधारहरु | पेश गर्नुपर्ने कागजातहरु |
|---|---|---|---|
| १ | सडक मानव पहिचान, उद्धार, संरक्षण, व्यवस्थापन एवम् सडक मुक्त प्रदेश घोषणा। | प्रचलित कानुन बमोजिम दर्ता भएको, समाज कल्याण परिषद्मा आवद्ध, बागमती प्रदेश भित्र कम्तीमा दुई स्थानमा आवासीय सुविधा सहितको बासस्थानको व्यवस्था भएको, सहयोगापेक्षी मानव उद्धारको क्षेत्रमा कार्य गरेको, कम्तीमा दुई वर्षको कार्यानुभव भएको संस्था, प्रदेशभित्र कम्तीमा २०० जनालाई उद्धार, संरक्षण, मनोसामाजिक परामर्श तथा पुनर्स्थापना गरी राख्ने क्षमता भएको, सडकमै आश्रित मानवलाई उद्धार गरी संरक्षणमा लिने/राख्ने व्यवस्था भएको संस्था। | संस्था दर्ता, विधान, लेखापरीक्षण प्रतिवेदन नवीकरण तथा कर चुक्ता सम्बन्धी कागजातहरू, सेवा दिइरहेका व्यक्तिहरूको सङ्ख्या, संस्थामा कार्यरत जनशक्तिको विवरण, संस्थाको कार्य क्षेत्र, कार्यविधि, कार्यानुभव, स्थानीय तह घोषणामा गरिएको सहकार्य, वार्षिक प्रगति प्रतिवेदन, सम्बन्धित स्थानीय तहको सिफारिस पत्र, प्रदान गर्दै आइरहेका सेवाहरू, कार्यक्रम सञ्चालनको कार्ययोजना र साझेदारी गर्न सक्ने अंश। |

पुनश्चः सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनर्स्थापना तथा व्यवस्थापन कार्यविधि,२०८३ मन्त्रालयको वेबसाइट (mosd.bagamati.gov.np) मा हेर्न सकिनेछ।